इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

(शिक्षा, युवा तथा खेलकुद शाखा)

प.स. २०८०/८१

च.नं. ४४१

कोशी प्रदेश, नेपाल।

मिति २०८१।०२।०३

श्री सबै संस्थागत विद्यालयहरू,

इटहरी उपमहानगरपालिका, सुनसरी ।

विषयः शुल्क निर्धारण सम्बन्धमा ।

प्रस्तुत विषयमा इटहरी उपमहानगरपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरुले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम १४७ तथा संस्थागत विद्यालय शुल्क मापदण्ड निर्देशिका, २०७२ (संशोधनसहित) तथा इटहरी उपमहानगरपालिकाको शिक्षा ऐन, २०७९ मा व्यवस्था भए अनुसार शैक्षिक सत्र २०८१ को मासिक शुल्क तथा अन्य शुल्क मिति २०८१/०२/०३ गतेको नगर प्रमुख स्तरीय निर्णयबाट तपसिलबमोजिम कायम गरिएको हुँदा विद्यालयहरुले मासिक शुल्क तोकिएको शुल्क परिधिभित्र रहि समानुपातिक रूपमा कक्षागत शुल्क तयार गरी विद्यालय व्यवस्थापन समितिबाट पारित गराई सात दिन (७) भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गरी कार्यान्वयन गर्नु/गराउनु हुन जानकारीका लागि अनुरोध छ । अन्यथा नियमानुसार कारबाही हुने समेत जानकारी गराइन्छ ।

तपसिलः-

क. मासिक शुल्कः

| क्र.स. | श्रेणी | पूर्व प्राथमिक कक्षा (नर्सरी) को अधिकतम | कक्षा १० अधिकतम | कैफियत |
|---|---|---|---|---|
| १ | क | २५००।- | ५०००।- | |
| २ | ख | १८५०।- | ३७५०।- | |
| ३ | ग | १२५०।- | २५००।- | |

ख. अन्य शुल्कः

| क्र.स. | शुल्क शीर्षक | शुल्क निर्धारणको मापदण्ड | शुल्क खर्च हुने आधार |
|---|---|---|---|
| १ | मासिक पढाइ शुल्क | १ वर्षमा १२ महिनाको स्वीकृत मासिक शुल्क | शिक्षक कर्मचारीको तलब भत्ता |
| २ | वार्षिक शुल्क | २ महिनाको स्वीकृत मासिक शुल्क बराबर को रकम | खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, विद्यालय भवन मर्मत, पुस्तकाय र प्राथमिक उपचार बापत |
| ३ | भर्ना शुल्क | भर्ना हुँदा एक पटक मात्र जुन कक्षामा भर्ना हुने हो सोही कक्षाको स्वीकृत मासिक शुल्कको १ महिनाको शुल्क | विद्यार्थीको रजिष्ट्रेशन, व्यक्तिगत प्रोफायल अध्यावधिकरण, भर्ना फारम छपाई आदि बापत |
| ४ | धरौटी शुल्क | | विद्यालय अवधिभर विद्यार्थीले तिर्नुपर्ने कुनै बक्यौता हुन गएमा त्यसको सुरक्षण बापत (फिर्ता हुने गरी) |

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
(शिक्षा, युवा तथा खेलकुद शाखा)

प.स. २०८०/८१
च.नं.

कोशी प्रदेश, नेपाल।
मिति २०८१।०२।०३

| क.स. | शुल्क शीर्षक | शुल्क निर्धारणको मापदण्ड | शुल्क खर्च हुने आधार |
|---|---|---|---|
| ५ | परीक्षा शुल्क | १ महिनाको मासिक पढाई शुल्कको ५०% मात्र बार्षिक वा किस्तामा | त्रैमासिक,अर्धवार्षिक, वार्षिक लगायत परीक्षा संचालिन तथा नतिजा तयारी लगाएत योजनाका कार्य संचालन बापत |
| ६ | कम्प्युटर शुल्क | | कम्प्युटर विषय शिक्षण, कम्प्युटर साक्षरता कोर्स संचालन कम्प्युटर मर्मत बापत |
| ७ | स्थानान्तरण शुल्क | आधारभूत तहको (कक्षा १-५) ५००/- र माध्यमिक तहको (कक्षा ९-१२) १०००/- | प्रमाणपत्र छपाइ र वितरण बापत |
| ८ | विशेष प्रशिक्षण शुल्क | सुविधा उपयोग गर्ने विद्यार्थीहरूको अभिभावकहरूको दुई तिहाइ भेलाबाट पारित भएअनुसार | जुडो, मार्सल आर्ट, पौडी, गायन, नृत्य,खेलकुद,संगीत र साहित्यिक कियाकलापको प्रशिक्षण तथा विभिन्न प्रकारका तालिम प्रशिक्षण पारिश्रमिक बापत |
| ९ | आवास शुल्क | आवासीय सुविधा उपयोग गर्ने विद्यार्थीहरूको अभिभावकहरूको भेलाबाट पारित भएअनुसार | आवासिय विद्यार्थीको लागि सिरक, बिछ्यौना खरिद, आवास, सफाइ, खानेपानी, बिजुली, खाना तथा खाजा र सुरक्षा बापत |
| १० | भोजन शुल्क | सुविधा उपयोग गर्ने अभिभावकहरूको भेलाबाट पारित भए अनुसार | विद्यालय आवासमा नरहने तर विहानी एवम् दिउसो खानाखाजा विद्यालयमा खाने विद्यार्थीहरूका लागि |
| ११ | परिवहन शुल्क | सुविधा उपयोग गर्ने विद्यार्थीहरूको अभिभावकहरूको दुई तिहाइ भेलाबाट पारित भएअनुसार | विद्यार्थीलाई घरबाट विद्यायलसम्म लैजाने/पुर्याउनका लागि प्रयोग गरिने सवारी साधनको इन्धन,चालकको पारिश्रमिक तथा मर्मत खर्च |
| १२ | शैक्षिक भ्रमण शुल्क | | विद्यार्थीको व्यवहारिक ज्ञान अभिवृद्धिका लागि अन्तर विद्यालय भ्रमण, पर्यटकीय क्षेत्र भ्रमण तथा internship सञ्चालन बापत |
| १३ | अन्तर विद्यालय प्रतियोगिता सञ्चालन | | विद्यार्थीको बौद्धिक तथा शारिरिक विकासका लागि उपयोगी प्रतियोगिता सञ्चालन बापत |
| १४ | शैक्षिक सामग्री शुल्क | मासिक पढाई शुल्कको १० % मात्र | कक्षा शिक्षणका लागि आवश्यक पर्ने छपाई र श्रव्य-दृश्य जस्ता सामग्री खरिद बापत |

२०८१।०२।०३
द्रोणप्रसाद दाहाल
(शाखा प्रमुख)
शिक्षा अधिकृत

सादर अवगतार्थ:

श्रीमान् नगरप्रमुखज्यूको निजी सचिवालय, नगर कार्यपालिकाको कार्यालय इटहरी सुनसरी ।

श्रीमान् नगरउपप्रमुख ज्यूको निजी सचिवालय, नगर कार्यपालिकाको कार्यालय इटहरी सुनसरी ।

बोधार्थ:

श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, इनरूवा, सुनसरी ।